# अनुसूची १

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८२ बैशाखदेखि २०८२ आषाढसम्म

(स्वतः प्रकाशन)

नेपाल टेलिकम

(नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)

२०८२ श्रावण

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**१. निकायको स्वरूप र प्रकृतिः**


दूरसञ्चार क्षेत्रलाई खुला र प्रतिस्पर्धी बनाई निजी क्षेत्रको सहभागितामा मुलुकभर सर्वसुलभ र भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउन तत्काल प्रचलित दूरसञ्चार नीति अनुसार कम्पनी ऐन २०५३ अन्तर्गत नेपाल दूरसञ्चार संस्थानलाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रुपान्तर गरिएको हो । कम्पनीमा परिणत भएपछि यस कम्पनीले 'नेपाल टेलिकम' को नामबाट आफ्ना व्यावसायिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । वि.सं. १९७३ देखि Open Wire Magneto System बाट मुलुकमा दूरसञ्चार सेवाको प्रारम्भ भएको हो । वि.सं. १९७४ देखि सर्वसाधारणले समेत टेलिफोन प्रयोग गर्न सक्ने व्यवस्था भएको थियो भने वि.सं. १९९१ मा टेलिफोन हेड अफिस कार्यालयको स्थापना भएपछि वि.सं. १९९२ देखि मात्र दूरसञ्चार सेवा निजी निवासमा समेत उपलब्ध हुन थालेको थियो ।

औपचारिक रूपमा टेलिफोन लाइन वितरणको सुरूवात मोहन आकाशवाणीको नाममा वि.सं. २००५ देखि भएको थियो । वि.सं. २०१६ सालमा दूरसञ्चार विभागको स्थापना भई निरन्तर सेवा सञ्चालन गर्दै आएकोमा वि.सं. २०२६ सालमा विकास समिति ऐन २०१३ अन्तर्गत नेपाल दूरसञ्चार विकास समिति स्थापना भएको र वि.सं. २०३२ साल आषाढ १ गते सञ्चार संस्थान ऐन २०२८ अन्तर्गत नेपाल दूरसञ्चार संस्थानको स्थापना भई दूरसञ्चार संस्थानको तर्फबाट दूरसञ्चार सेवाको सञ्चालन विकास तथा विस्तार हुँदै आएको हो ।

यसै सिलसिलामा वि.सं. २०६० साल माघ २२ गते तत्कालिन कम्पनी ऐन, २०५३ बमोजिम कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता नं. ८६९/०६०-६१ बाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नाममा दर्ता भएको हो । मिति २०६०/१२/२६ गतेको नेपाल राजपत्र भाग ३ को सूचना नं. १ बाट तत्कालिन नेपाल दूरसञ्चार संस्थान मिति २०६१ बैशाख १ गतेदेखि विघटन भई तत्कालिन नेपाल दूरसञ्चार संस्थानको सम्पूर्ण सम्पति, दायित्व तथा कर्मचारीहरु नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा हस्तान्तरण हुने गरी सूचना प्रकाशन भएकोले सोही आधारमा तत् तत् कुराहरु कम्पनीमा हस्तान्तरण भई आएका छन् । नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट कम्पनी ऐन २०६३, दूरसञ्चार ऐन २०५३, विभिन्न नियामक निकायबाट समय समयमा प्राप्त हुने नीति निर्देशन तथा मार्गदर्शन साथै कम्पनीको साधारण सभा, सञ्चालक समितिका निर्णय र आर्थिक तथा कर्मचारी विनियमावली बमोजिम दूरसञ्चार सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कामकारवाही हुँदै आएको छ ।

कम्पनी ऐन २०६३, कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम साधारण सभा र ७ सदस्यीय सञ्चालक समिति रहेको छ । https://www.ntc.net.np/post/board-of-directors

हाल कम्पनीको सञ्चालक समिति अन्तर्गत समग्र व्यवस्थापनको लागि कम्पनीको संरचना निम्नानुसार रहेको छ ।




https://ntc.net.np/about-us/organization-structure

**२. निकायको काम, कर्तव्य र अधिकारः**

कम्पनी ऐन २०६३, दूरसञ्चार ऐन २०५३, कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम नियामक निकायको निर्देशन, राज्यको आवश्यकता बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडवाट दूरसञ्चार सेवाको सञ्चालन र विकास सम्बन्धी कार्य हुँदै आएको छ । कम्पनीको प्रबन्धपत्र र नियमावली अनुसार कम्पनीको काम कर्तव्य र अधिकारहरु निम्न अनुसार रहेका छन् ।

**कम्पनीको उद्देश्यः**

- दूरसञ्चार सेवालाई व्यावसायिकरण गरी स्तरीय सेवा प्रदान गर्ने ।
- दूरसञ्चार सेवा प्रदान गर्ने ।
- दूरसञ्चार सेवा आदान प्रदान गर्ने गराउने ।
- दूरसञ्चार सेवा विकास गर्न आधुनिक दूरसञ्चार प्रणालीको विकास एवं विस्तार गर्ने ।
- दूरसञ्चार सेवा सञ्चालन गर्न भू-उपग्रह स्थापना गर्ने, एण्टेना निर्माण तथा जडान गर्ने, स्वीचिङ्ग उपकरण निर्माण तथा जडान गर्ने, गराउने ।
- ग्राहकलाई नेपालभित्र तथा बाहिर दूरसञ्चार सेवा उपलब्ध गराउने ।
- दूरसञ्चार प्रणालीको प्रयोगका लागि तार वा केबुल राख्ने, टावर, खम्बा, एण्टेना, लठ्ठा तथा अन्य उपकरणहरु निर्माण तथा जडान गर्ने र तिनीहरुको लागि आवश्यक अन्य संरचनाको निर्माण गर्ने ।
- दूरसञ्चार सेवा विस्तारका लागि सम्भाव्यता अध्ययन गर्ने गराउने ।
- दूरसञ्चार सेवा सञ्चालन तथा विकासका लागि आवश्यक अन्य कार्य गर्ने ।

**कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

- कम्पनीले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपर्युक्त उद्देश्य कार्यान्वयन गर्ने ।

- कम्पनीलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, टाईपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।
- कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने ।
- कम्पनीमा लगानी भएको शेयरको रकम तथा त्यसबाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने।
- कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने।
- कम्पनीको नामबाट शेयर तथा डिवेन्चर खरिद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने ।
- देहायका अन्य आवश्यक कुराहरू गर्नेः

१) दूरसञ्चार सम्बन्धी उपकरण निर्माण गर्ने तथा खरिद गर्ने,

२) दूरसञ्चार प्रणालीको लागि आवश्यक संरचनाको निर्माण गर्ने,

३) दूरसञ्चार सेवालाई प्रभावकारी तथा सेवामुलक बनाउन अनुगमन, अध्ययन तथा विश्लेषण गर्ने गराउने,

४) दूरसञ्चार सम्बन्धमा भैरहेका नयाँ प्रविधिहरुको अध्ययन तथा बिश्लेषण गर्ने गराउने,

५) कम्पनीको निमित्त आवश्यक मेशिन, औजार, उपकरण, आदि खरिद गर्ने, आयात गर्ने, भाडामा लिने र त्यस्ता उपकरणहरु आवश्यकता अनुसार अरुलाई भाडामा दिने,

६) आवश्यक शुल्क लिई दूरसञ्चार प्रणाली प्रयोग गर्न दिने तथा अन्य संस्थाद्वारा निर्मित दूरसञ्चार प्रणाली आवश्यकता अनुसार प्रयोग गर्ने,

७) कम्पनीको निमित्त आवश्यक जग्गा, भवन वा यस्तै सम्पत्ति खरिद गर्ने वा प्राप्त गर्ने र त्यसमा आवश्यकता अनुसार निर्माण सुधार गर्ने,

८) कम्पनीले आफुले निर्माण वा जडान गरेका संरचनाहरुको निरीक्षण तथा जाँचबुझ गर्ने र आवश्यकता अनुसार मर्मत सुधार गर्ने,

९) ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराए बापत प्रचलित कानुन बमोजिम सेवा शुल्क निर्धारण गराई त्यस्तो सेवा शुल्क असुल गर्ने,

१०) ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराए बापत धरौटी र जडान खर्च लिने,

११) कम्पनीले पाउने सुबिधा प्राप्त गर्ने,

१२) दूरसञ्चार प्रणालीको निर्माण वा जडानको क्रममा कम्पनीको तर्फबाट कसैलाई कुनै हानीनोक्सानी हुन गएमा त्यसको क्षतिपूर्ति दिने,

१३) कम्पनीलाई प्राप्त हक अधिकार तथा सम्पत्ति कम्पनीको हितको लागि बेच बिखन गर्ने, भाडामा दिने वा अन्य उपयुक्त व्यवस्था गर्ने,

१४) अन्य व्यक्तिलाई ठेक्कामा काम दिने वा लगाउने,

१५) दूरसञ्चार सम्बन्धी संरचना आदान प्रदान गर्न सम्झौता गर्ने,

१६) दूरसञ्चार सेवा सम्बन्धी निर्माण, जडान व्यवस्थापन वा परामर्श सेवा प्रदान गर्ने,

१७) कम्पनीको हितलाई ध्यानमा राखी सहायक कम्पनी स्थापना गर्ने, कम्पनी प्रबर्द्धन गर्ने वा अन्य कम्पनी प्राप्त गर्ने वा त्यस्ता कम्पनीको शेयर पूँजीमा लगानी गर्ने,

१८) कम्पनीको उद्देश्य अनुरुपको काम गर्ने व्यक्तिसंग मुनाफा बाड्ने सम्बन्धमा सम्झौता गरी काम गर्ने,

१९) प्रचलित कानुनको अधिनमा रही कम्पनीको शेयर बिक्री वा सार्वजनिक निष्काशन गर्ने,

२०) वण्ड वा डिवेन्चर जारी गर्ने वा अन्य उपयुक्त तरिकाबाट ऋण लिने,

२१) कम्पनीमा मौज्दातमा रहेको रकम बैंक तथा वित्तिय कम्पनी, धितोपत्र वा अन्य कम्पनीको शेयर तथा ऋण पूँजीमा लगानी गर्ने, साथै विद्युत र उर्जा उत्पादन, प्रसारण वा वितरण गर्न र Infrastructure Sharing गर्ने प्रयोजन समेतका लागि अन्य सेवामूलक कम्पनी खोल्ने वा त्यस्ता कम्पनीमा ऋण समेत लगानी गर्ने ।

२२) दूरसञ्चार सम्बन्धी उपकरण निर्माण वा खरिद गरी ग्राहकलाई बिक्री बितरण गर्ने,

२३) कम्पनीद्वारा आर्जित मुनाफाबाट शेयर होल्डरलाई लाभांश, अन्तरिम लाभांश वा बोनस शेयर बाड्ने,

२४) कम्पनीको हितको निमित्त कम्पनीको सम्पत्ति वा अधिकारहरुमध्ये केही वा सबै धितो बन्धक दिने, सट्टापट्टा गर्ने, बिक्री गर्ने वा अन्य उचित प्रबन्ध गर्ने,

२५) कम्पनीको आन्तरिक व्यवस्थापन र कार्य सञ्चालनको निमित्त आवश्यक विनियमहरु बनाई लागू गर्ने,

२६) कम्पनीलाई प्राप्त हुने सम्पूर्ण रकम बैंक वा बित्त कम्पनीमा खाता खोली जम्मा गर्ने र कम्पनीबाट भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्ने,

२७) कम्पनीको उद्देश्य प्राप्तिका लागि आवश्यक र सहायक हुने अन्य किसिमका कामहरु गर्ने गराउने ।

३.

## ४. कम्पनीमा रहने कर्मचारी संख्या र कार्य विवरणः

कम्पनीमा हाल निम्नानुसारका कर्मचारीहरू कार्यरत रहेका छन् ।

| | २०८२ वैशाख | २०८२ जेठ | २०८२ आषाढ |
|---|---|---|---|
| **जम्मा कार्यरत कर्मचारी** | **३६२२** | **३६०३** | **३६३२** |
| अधिकृतस्तर | १९२७ | १९१५ | १९०७ |
| सहायकस्तर | १६९५ | १६८८ | १७२५ |

**कर्मचारीको कार्य विवरणः**

कर्मचारीहरूको कार्य विभाजन पद र क्षमताको आधारमा जिम्मेवारी तोकिएको छ । कर्मचारी विनियमावलीको अधिनमा रही कार्य विभाजन सम्बन्धी विस्तृत विवरण सम्भव भएसम्म कम्पनीको Website: www.ntc.net.np मा राखिने छ ।

## ५. कम्पनीबाट प्रदान गरिने सेवाहरुः

कम्पनी ऐन २०६३, दूरसञ्चार ऐन २०५३, कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम नियामक निकायको निर्देशन, राज्यको आवश्यकता बमोजिम यस कम्पनीबाट दूरसञ्चार सेवाको सञ्चालन र विकास सम्बन्धी कार्य हुदै आएको छ । कम्पनीबाट उपलब्ध गराइएका सेवा सम्बन्धी विवरण कम्पनीको Website: www.ntc.net.np मा समेत उपलब्ध रहेको छ ।

**A. LAND LINE SERVICES (Voice)**

1. Local/National/International Call
2. Advanced Free Phone Service (Toll Free Service)
3. Easy Phone (SIP) Service
4. Call Forward/Call Holding/Wakeup/Locking Code
5. Conference Call
6. IVR Service

**B. GSM SERVICES**

1. Postpaid/Prepaid Mobile Service
2. e-SIM Service
3. International Roaming
4. Voice Over LTE (VoLTE)
5. Voice Over Wi-Fi (VoWi-fi)
6. SMS
7. Wireless Service (2G,3G,4G)
8. Friends & Family
9. Call Forwarding/Call Waiting/Call Hold
10. Corporate User Group (CUG)
11. Conference Call Service

**C. DATA SERVICES**

1. Leased Internet Service
2. ADSL Service (Unlimited Package/Volume Based Package)
3. 2G/3G/4G

4. WiFi Hotspot
5. FTTH Data
6. Namaste WiFi-Wireless Broadband

**D. VALUE ADDED SERVICES**

1. Missed Call Alert
2. Caller Ring Back Tone (CRBT)
3. Namaste Credit Service (Loan Service)
4. Music Streaming Service
5. Video Streaming Service
6. Infotainment Service
7. Bulk SMS
8. SMS Alert
9. Easy Call Card
10. Toll Free Number
11. Easy Phone (SIP) Service
12. IP TV (NTTV)

**E. PACKAGES/OFFERS**

1. Voice Pack
2. Data Pack
3. SMS Pack
4. Various Packs (Keep on changing)

**F. Enterprise/Corporate Level Services**

1. Toll Free Service (Advanced Free Phone Service)
2. Corporate User Group (CUG) Service
3. Group/Bulk SMS Service
4. SMS Alert Service
5. Leased Internet/Intranet Service

**Short Code मार्फत प्राप्त हुने सुविधाहरुः** https://www.ntc.net.np/post/useful-short-codes

**1. Mobile Service**

| Service | Purpose | Code | Method |
|---|---|---|---|
| Packages | Know Latest Offers | *1415# | Dial |
| Add-on Packages | Subscribe Add-on Packages | *1442# | Dial |
| Balance | Check Balance | *400# | Dial |
| Mobile Number | Check Your Mobile Number | *9# | Dial |
| SIM Owner | Check Your SIM Owner | *922# | Dial |
| Call Forward | Call Forward Activate | **21*Forwarding Number# | Dial |
| Call Forward | Call Forward Deactivate | ##21# | Dial |
| Call Waiting | Call Waiting Activate | *43# | Dial |
| Call Waiting | Call Waiting Deactivate | #43# | Dial |
| Balance Transfer | Transfer Balance | *422*SecurityCode*MobileNumber*Rs.# | Dial |
| Security Code | Security Code | SCODE and Send to 1415 | SMS |
| ISD | International Call Activate | #331*0000# | Dial |
| ISD | International Call Deactivate | *331*0000# | Dial |

| | | | |
|---|---|---|---|
| International Roaming (Prepaid) | Roaming Activate | *1415*7# | Dial |
| International Roaming (Prepaid) | Roaming Deactivate | *1415*7# | Dial |
| CRBT (Caller Ring Back Tone) | CRBT Activate | SUB to 1455 | SMS |
| CRBT (Caller Ring Back Tone) | CRBT Deactivate | Unsub to 1455 | SMS |
| Namaste Credit | Namaste Credit Activate | *1477# | Dial |
| Namaste Credit | Namaste Credit Deactivate | *1477# | Dial |
| Missed Call Alert (MCA) | MCA Activate | *1400*1# or Type 'Sub' & send SMS to 1400 | Dial/SMS |
| Missed Call Alert (MCA) | MCA Deactivate | *1400*2# or Type 'Unsub' & send SMS to 1400 | Dial/SMS |
| FNF (Friends & Family) | FNF Activate | FNFSUB9841xxxxxx to 1415 | SMS |
| FNF (Friends & Family) | FNF ADD | FNFADD01488xxxx to 1415 | SMS |

**2. Landline, ADSL, FTTH**

| Service | Purpose | Code | Method |
|---|---|---|---|
| Landline | Bill Inquiry | CB*01488xxxx to 1415 | SMS |
| NT Fiber (FTTH) | FTTH Validity | VL*NTFTTH01488xxxx to 1415 | SMS |
| NT Fiber (FTTH) | Balance Query, Package Info, Bonus Data Activation | *1416# | Dial |
| ADSL | ADSL Validity | VL*NTADSL01488xxxx to 1415 | SMS |
| ADSL | ADSL Balance Inquiry | BL*NTADSL01488xxxx to 1415 | SMS |

**3. Installation, Inquiry & Customer support**

| Service | Purpose | Code | Method |
|---|---|---|---|
| Landline/FTTH | Installation & Maintenance | 198 | Dial |
| Landline | Number Inquiry | 197 | Dial |
| Mobile | Customer Support | 1498 | Dial |

**IVR मार्फत प्राप्त हुने सुविधाहरु:**

| IVR Number | Charge | Service |
|---|---|---|
| 1415 | Free | Balance query/credit limit query/recharge/missing claim/cancel missing claim/first call activation/ PUK query/data volume query |
| 1607 | Airtime | PUK Number Inquiry |
| 197 | Free | Number Inquiry |
| 198 | Free | New Installation & Maintenance (NT Fiber, Landline, ADSL, VSAT & Lease Line) |
| 1600 | Airtime | SEE Result Inquiry |
| 1455 | Airtime | Caller Ring Back Tone (CRBT) Service |

**USSD मार्फत प्राप्त हुने सुविधाहरु:**

| | |
|---|---|
| GSM Mobile Balance Inquiry | Dial *400# |
| 4G Activation | Dial *444# (If SIM change is required to upgrade to 4G, please visit nearest NT Office) |
| Package Subscription | Dial *1415# and follow instruction. |
| GSM Recharge (Recharge Card) | Dial *412*Pin Number# |
| Balance Transfer (Prepaid) | Dial *422*Security Code*Mobile Number*Amount (in Rs.)# |
| Missed Call Alert Service | Dial *1400# |
| Caller Ring Back Tone (CRBT) | Dial *1455# |
| SIM card Owner Query | Dial *922# |
| SEE Offer | Dial *1600# |
| First Call Activation (FCA) | Dial *1414# |

**Website मार्फत उपलब्ध सेवाहरु**

| | |
|---|---|
| Recharge from Recharge Card | https://ntc.net.np/recharge |
| Package subscription | https://offer.ntc.net.np |
| Volume Query | https://offer.ntc.net.np/VolumeQuery.aspx |
| Gift Packages | https://offer.ntc.net.np/GiftPack.aspx |
| Recharge Pin Recovery Support | https://pinrecovery.ntc.net.np |

**Mobile App मार्फत उपलब्ध सेवाहरू**

| | |
|---|---|
| **Services on NT Mobile App**<br>(Download **"Nepal Telecom"** Mobile APP from android Play Store or iOS Store.) | ● Recharge<br>● eSIM change<br>● FTTH (usage history, Wi-Fi settings)<br>● Balance Transfer<br>● Balance Query<br>● Package Subscription<br>● Volume Query<br>● Gift Packages to Others<br>● Bill Payment<br>● Many More |

**Special Codes:**

| | |
|---|---|
| 100 | Nepal Police |
| 101 | Fire Brigade |
| 102 | Ambulance |
| 103 | Traffic Police |
| 104 | Central Child Welfare Board |
| 105 | Army: Kathmandu, Lalitpur, Bhaktapur |
| 106 | Army Kendriya Sainik Prahari Gulma |
| 107 | Commission for the Investigation of Abuse of Authority |
| 197 | PSTN Telephone Enquiry |
| 1098 | CWIN |
| 1103 | Traffic Police Lalitpur |
| 1111 | Hello Sarkar |
| 1144 | Tourist Police |
| 1177 | Metropolitan Police - Crime Division |

### ६. सेवा प्रदान गर्ने कम्पनीको शाखा र जिम्मेवार अधिकारीः

कम्पनीको केन्द्रीय कार्यालय भद्रकालीप्लाजा, काठमाण्डौमा रहेको छ । यस अन्तर्गत विभिन्न निर्देशनालय, विभाग रहेका र ती अन्तर्गत रहेका विभिन्न कार्यालयका विभिन्न शाखाहरू मार्फत सेवा उपलब्ध गराइएको छ । सम्पर्क नम्बर सम्बन्धी विवरण कम्पनीको Website: https://www.ntc.net.np/post/contact-info मा राखिएको छ ।

### ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुरः

कम्पनीले प्रदान गर्ने विभिन्न सेवाहरूको शुल्क सम्बन्धी विवरण कम्पनीको Website: https://www.ntc.net.np/tariff मा राखिएको छ । सेवा प्रदान गर्न लाग्ने समयको सम्बन्धमा सेवा सञ्चालन गर्ने हरेक कार्यालयमा नागरिक बडापत्र राखिएको छ ।

### ८. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

दूरसञ्चार सेवा प्रदान गर्ने सिलसिलामा विभिन्न चरणमा गर्नुपर्ने निर्णयलाई प्रचलित ऐन, नियम, विनियम तथा कार्यविधिका आधारमा प्रक्रिया मिलाइएको छ भने कम्पनीको प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समिति अन्तिम निर्णयकर्ताका रूपमा रहेका छन् ।

### ९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कम्पनी व्यवस्थापनबाट भएको निर्णयउपर चित्त नबुझेमा सञ्चालक समिति समक्ष पुनरावेदन गर्न सकिने व्यवस्था रहेको र ग्राहक गुनासोको हकमा सम्बन्धित कार्यालयमा रहेका गुनासो अधिकृत तथा कार्यालय प्रमुख समक्ष गर्न सकिने व्यवस्था रहेको छ ।

### १०. सम्पादन गरेको कामको विवरणः

कम्पनी ऐन २०६३, दूरसञ्चार ऐन २०५३, कम्पनीको प्रवन्धपत्र, नियमावली वमोजिम नियामक निकायको निर्देशन, राज्यको आवश्यकता वमोजिम यस कम्पनीबाट दूरसञ्चार सम्बन्धी विभिन्न किसिमका सेवाहरू उपलब्ध गराइएको छ ।

### ११. सूचना अधिकारी र प्रमुखको नाम, पदः

यस कम्पनीको केन्द्रीय कार्यालयमा रहेको सूचना अधिकारी र प्रमुख (प्रबन्ध निर्देशक) को विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | पदाधिकारीहरु | नाम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यकारी प्रमुख | सबिना मास्के प्रधान | 01-4210122/4243444 | |
| 2 | सूचना अधिकारी | बृजेश शर्मा | 01-4210283 | |

यस कम्पनीको अन्य विभिन्न कार्यालयहरुमा रहेका सूचना अधिकारी तथा कार्यालय प्रमुखहरुको विवरण https://www.ntc.net.np/post/contact-info मा राखिएको छ ।

### १२. ऐन, नियम, नीति, निर्देशिकाको सूचीः

**क) नेपालको संविधान २०७२**

**ख) दूरसञ्चार सेवा सम्बन्धी नीतिः**

- दूरसञ्चार नीति, २०६०
- सूचना र सञ्चार क्षेत्रको दीर्घकालिन नीति, २०५९
- सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति, २०८०
- दूरसञ्चार आर्थिक उदारीकरण र निजी क्षेत्र
- VOIP को नियमन सम्बन्धी विद्यमान व्यवस्था

**ग) दूरसञ्चार सेवा सम्बन्धी ऐन, नियम तथा विनियमः**

- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध पत्र
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावली

- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आर्थिक विनियमावली, २०७१
- नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८
- दूरसञ्चार ऐन, २०५३ र दूरसञ्चार नियमावली २०५४
- विद्युतीय कारोबार ऐन २०६३

**घ) आर्थिक कारोबार सम्बन्धी ऐन नियम तथा विनियम**

- सार्वजनिक खरिद ऐन, २०६४
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मूल्य अभिवृद्धि कर ऐन, २०५३ र मूल्य अभिवृद्धि कर नियमावली २०५३
- आयकर ऐन, २०५८

**ङ) अन्य**

- कम्पनी ऐन, २०६३
- उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली २०७६
- वातावरण संरक्षण ऐन, २०५३ र वातावरण नियमावली, २०५४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- जग्गा प्राप्ति ऐन, २०३४
- अत्यावश्यक सेवा सञ्चालन ऐन, २०१४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- नेपाल टेलिकमको चालु आवधिक योजना
- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी फौजदारी संहिता, २०७४
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरू राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित हुँदै आएको छ भने उक्त विवरणहरू कम्पनीको website: www.ntc.net.np मा समेत प्रकाशित गरिँदै आएको छ ।

**विगत ५ वर्षको आर्थिक विवरण (विनियोजन र खर्च)** ***(रु. हजारमा)***

| सि.नं. | आ.व. | विनियोजन | खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | २०७६/७७ | ५०,१९६,१०० | ४६,०८६,५४१ | |
| २ | २०७७/७८ | ५०,१६९,७०९ | ४०,५९२,८६७ | |
| ३ | २०७८/७९ | ४५,४३२,२८१ | ३८,७६४,८३२ | |
| ४ | २०७९/८० | ४७,५४६,२०० | ३८,०६३,८३१ | |
| ५ | २०८०/८१ | ४५,१०८,३६७ | ३६,५४७,९६६ | |

१४. **अघिल्लो आर्थिक वर्षमा कम्पनीले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः**

| सञ्चालनमा रहेका मुख्य कार्यक्रमहरु | | |
|---|---|---|
| **कार्यक्रमहरु** | **२०८२ आषाढ मसान्त सम्मको प्रगति** | **कैफियत** |
| Long-Term Evolution (LTE)/4G Core Network | • Phase - I तथा Phase -II को Core उपकरणहरु जडान सम्पन्न भई सञ्चालनमा आएको ।<br>• २०७८ माघ २२ गते देखि VoLTE सेवाको व्यावसायिक सञ्चालन सुरु भएको ।<br>• २०८१ माघ २२ गते देखि VoWi-Fi सेवाको व्यावसायिक सञ्चालन सुरु भएको । | हालसम्म ७७ वटै जिल्लाका ७४५ स्थानीय निकायहरुमा 4G LTE सेवा विस्तार भएको । |
| 4G LTE (EUTRAN) – Network I | जम्मा ३,२९१ eNodeB मध्ये ३,२९१ वटै eNodeB हरुको जडान सम्पन्न भई सञ्चालनमा आएको । | |
| 4G LTE (EUTRAN) – Network II | जम्मा ३,४४६ eNodeB मध्ये ३,४४६ वटै eNodeB हरुको जडान सम्पन्न भई सञ्चालनमा आएको । | |
| 5G Service Trial Program | नेपाल टेलिकम बबरमहल, सुन्धारा, पोखरा तथा वीरगञ्जमा 5G उपकरणहरु जडान सम्पन्न भई Testing कार्य समेत सम्पन्न भएको । | |
| FTTH Network Expansion and Line Distribution | • २१,९३,८०२ क्षमताको FDCPort मार्फत १९,६०,०८५ लाइन क्षमताको HomePass FTTH नेटवर्क विस्तार भएको ।<br>• ३,५०,६१७ Data, ३,८७,७७८ Voice र ६७,६९९ IPTV गरी कुल ८,०६,०९४ (FTTH Subscription) वितरण भएको । | हालसम्म ७७ वटै जिल्लामा FTTH सेवा विस्तार भएको । |

१५. **कम्पनीको वेवसाइट सम्बन्धी बिवरणः**

कम्पनीको Website: www.ntc.net.np रहेको छ ।

१६. **कम्पनीका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

कम्पनीको Website: www.ntc.net.np मा र राष्ट्रियस्तरका विभिन्न दैनिक पत्रिकाहरूमा समेत प्रकाशन गर्ने गरिएको छ । कम्पनी सम्बन्धी तथ्याङ्कहरु नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको website: https://nta.gov.np/en/mis-reports/ मा समेत उपलब्ध छ ।

१७. **कम्पनीमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**

यस कम्पनीको केन्द्रीय कार्यालयमा यस अविधमा दुईवटा सूचना तथा जानकारी मागको निवेदन प्राप्त भएकोमा सबैको जानकारी दिइएको ।

**-समाप्त-**